# अनुसूची (२)

(दफा ४ तथा अनुसूची- १ को भाग- २ संग सम्बन्धित)

# बढैयाताल गाँउपालिका


बढैयाताल गाँउपालिकाको राजपत्र

खण्डः ख संख्याः ८ राजपत्रमा प्रकासित मितिः २०८२।०९।१२


भाग-२

बढैयाताल गाउँपालिका

**<u>२०८२ सालको कार्यबिधि नं १</u>**

## बढैयाताल गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८२

गाँउसभाबाट स्वीकृत मिति २०८२।०९।०८

**प्रस्तावनाः**

बढैयाताल गाउँपालिका क्षेत्र भित्रको नदी, खोला, ताल तलैया, सीमसार, जलचर, जलीय जैविक विविधताको संरक्षण गर्न, जलचर एवं जलीय जैविक विविधताको संरक्षण तथा दिगो उपयोग गर्न, जलस्रोत तथा जलचरमा आश्रित समुदाय बीचको आध्यात्मिक तथा साँस्कृतिक अन्तर सम्बन्ध तथा अन्तर निर्भरता समेत सुदृढ गर्न तथा जलचरमा आधारित जीविकोपार्जनको प्रबर्द्धन तथा व्यवस्थापन गरी आम नागरिकको सुविधा र आर्थिक हितको सम्बर्द्धनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा बढैयाताल गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन २०८२ को दफा ४७ बमोजिम बढैयाताल गाउँ कार्यपालकिले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

बढैयाताल गाँउपालिका

(१) यस कार्यविधिको नाम “ **बढैयाताल गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८२**” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “प्रमुख” भन्नाले बढैयाताल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “औजार” भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा संकलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, साधन वा सामग्री,विष्पोटक पदार्थ तथा माहाजाल, करेन्ट जाल, बल्छी, साधारण जाल, खुकुरी, भाला, दुवालो थुन्ने, पहाई टेक्ने, लुकाई मार्ने, तिर कोच्ने, घन र मेशीन समेत सम्झनु पर्छ ।

(ग) “गाउँपालिका ” भन्नाले बढैयाताल गाउँपालिका सम्झनुपर्छ ।

(घ) “ताल संरक्षण तथा व्यवस्थापन कोष” भन्नाले यस कार्यविधिको दफा १४ बमोजिम स्थापना भएको कोष सम्झनु पर्छ।

(ङ) “जलचरमा आश्रित व्यक्ति वा समुदाय” भन्नाले खोलानाला, ताल, तलैया, सिमसारमा रहेका जलचरमा आंशिक वा पूर्ण रुपमा आधारित भई जीविकोपार्जन गर्ने समुदाय वा व्यक्ति सम्झनु पर्छ ।

(च) “जलचर” भन्नाले जलभित्र बस्ने जुनसुकै जीव सम्झनुपर्छ ।

(छ) “जलीय जीव”भन्नाले जलभित्र रहने वा पाईने जुनसुकै जीव र वनस्पती सम्झनु पर्छ ।

(ज) “जलचर संकलन” भन्नाले जलभित्र बस्ने जुनसुकै जीव समाउने, पक्रने, मार्ने वा संकलन गर्ने कार्य सम्झनुपर्छ।

(झ) “जलीय जैविक विविधता” भन्नाले खोला, सिमसार वा तालमा रहने जीवहरुको भिन्नता, प्रकार र जम्मा संख्या तथातिनीहरु बीचको अन्तरसम्वन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने विविधता र तिनीहरुको संयोजनलाई सम्झनु पर्छ र सो शव्दले आनुवंशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातीय वा प्रजातीय वा प्रजातिगत (भेराइटलर स्पेसिस) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ ।

(ञ) “ताल” ताल भन्नाले कुण्ड, पोखरी, ताल, दह, तलाउ, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) तथा माछा पालन गरेको धान खेत समेत सम्झनु पर्छ ।

(ट) “लिज” भन्नाले तालको स्वामित्व हस्तान्तरण नगरी, संरक्षण तथा दिगो उपयोगका शर्तसहित निश्चित अवधिका लागि व्यवस्थापन अधिकार प्रदान गरिएको सम्झौता जनाउनेछ ।

(ठ) “दिगो उपयोग” भन्नाले जलचर र जलीय जैविक विविधता एवं जलीय जैविक विविधताका अवयवहरुको उपयोगबाट जलचर र जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरु दीर्घकालिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहन सक्ने तथा दीर्घकालीन रुपमा संचिति कायम गर्न सक्ने सीमा भित्र रहने गरी गरिएको सदुपयोग सम्झनु पर्छ ।

(ड) “खोला” खोला भन्नाले खोला, नाला, खहरे, नहर, कुलो, मुल र तिनीहरुको स्रोत मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज) समेत सम्झनु पर्छ ।

बढैयाताल गाउँपालिका

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बढैयाताल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ण) "मत्स्य भ¥याङ (फिस ल्याडर)" भन्नाले जलचरको आवागमनका लागि खोला, वा तालमा राखिएको वैकल्पिक बाटो सम्झनु पर्छ ।

(त) "मिचाहा प्रजाति" भन्नाले जलीय वनस्पति वा जलचरको कुनै त्यस्तो प्रजाती जुन स्थान विषेश वा पारिस्थितिकीय प्रणालीको रैथाने प्रजाती नभई, तिब्र प्रजनन् र छिटो फैलन सक्ने क्षमता र प्रकृति वा गुणको कारणले आफ्नो प्राकृतिक बिगत वा हालको बासस्थान भन्दा बाहिरको स्थान विषेश वा पारिस्थितिकीय प्रणालीमा स्थापित भै जैविक विविधता, वातावरण, आर्थिक कृयाकलाप र मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्ने वा पार्न सक्ने प्रजाती सम्झनु पर्छ ।

(थ) "लाभको समन्यायिक वितरण" भन्नाले सामुदायिक खोला वा तालको संरक्षण, व्यवस्थापन, दिगो उपयोग तथा माछा तथा अन्य जलचरको विक्रि वितरण, पर्यापर्यटन जस्ता माध्यमबाट प्राप्त लाभको महिला, दलित, आदिवासी जनजाति तथा विपन्न सदस्यलाई समन्यायिक रुपमा वितरण गरिने लाभ सम्झनु पर्छ ।

(द) "वडा कार्यालय " भन्नाले बढैयाताल गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(ध) "विधान" भन्नाले सामुदायिक जलचर संरक्षण समूहको विधान सम्झनु पर्छ ।

(न) "कार्यसमिति" भन्नाले सामुदायिक जलचर संरक्षण समूहको विधान बमोजिम गठन भएको कार्यसमिति सम्झनु पर्छ।

(प) "सभा" भन्नाले बढैयाताल गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(फ) "समूह" भन्नाले सामुदायिक खोला वा तालको संरक्षण, व्यवस्थापन तथा दीगो उपयोग र

सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा २० बमोजिम दर्ता भएको समूह

सम्झनु पर्छ ।

(ब) "सामुदायिक नदी खोला" भन्नाले सामूहिक हितका लागि नदी/खोला/खोलानालाको संरक्षण, व्यवस्थापन र दिगो उपयोग गर्न गाउँपालिकाले निर्णय वा सम्झौता बमोजिम समुदायलाई सुम्पिएको/हस्तान्तरण गरिएको नदी/खोला/खोलानाला सम्झनु पर्छ।

(भ) "सामुदायिक ताल" भन्नाले सामूहिक हितका लागि ताल, तलैया, पोखरी, दह वा सिमसारको संरक्षण, व्यवस्थापन र दिगो उपयोग गर्न गाउँपालिकाले निर्णय वा सम्झौता बमोजिम समुदायलाई सुम्पिएको/हस्तान्तरण गरिएको ताल/तलैया/पोखरी/दह/सिमसार सम्झनु पर्छ।

(म) "सामुदायिक जलचर संरक्षण समूह" भन्नाले सामुदायिक खोला, खोलानाला, वा ताल, सिमसारको संरक्षण, व्यवस्थापन तथा दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्न दफा २० बमोजिम दर्ता भएको समूह सम्झनु पर्छ ।

(य) "समूह कोष" भन्नाले सामुदायिक जलचर संरक्षण समूहले आफ्नो विधान बमोजिम स्थापना गरेको कोष सम्झनु पर्छ।

**परिच्छेद २**

**उद्देश्य तथा कार्यक्षेत्र**

**३. उद्देश्यहरु**

बढैयाताल गाउँपालिका

(१) ताल तथा सिमसार क्षेत्रको संरक्षण, पुनर्स्थापना तथा पारिस्थितिकीय सन्तुलन कायम गर्नु।

(२) बढैयातालको धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्वको संरक्षण र प्रवर्द्धन गर्नु।

(३) माछा पालनलाई दिगो, वैज्ञानिक तथा स्थानीय प्रजाति संरक्षणमैत्री बनाउनु।

(४) मत्स्य व्यवसायमार्फत स्थानीय समुदायको रोजगारी र आयआर्जन वृद्धि गर्नु।

(५) ताल क्षेत्रको प्राकृतिक, सांस्कृतिक र आध्यात्मिक पहिचानलाई दीर्घकालीन रूपमा संरक्षण गर्दै भावी पुस्तालाई हस्तान्तरण गर्नु।

**४. कार्यक्षेत्र**

(१) यो कार्यविधि बढैयाताल गाउँपालिकाभित्र रहेका सबै प्राकृतिक तथा कृत्रिम ताल, सिमसार तथा स्थायी जलाशय क्षेत्रमा लागू हुनेछ। (अस्थायी बग्ने पानीका स्रोत यस कार्यविधिको प्रत्यक्ष कार्यक्षेत्रभित्र पर्ने छैनन्, तर ती स्रोतबाट तालमा प्रत्यक्ष प्रभाव परेमा संरक्षण सम्बन्धी प्रावधान लागू गर्न सकिनेछ।)

(२) ताल क्षेत्रभित्र वा तालसँग प्रत्यक्ष रूपमा सम्बन्धित निम्न गतिविधिहरू यस कार्यविधि अन्तर्गत नियमन गरिनेछन्:

(क) माछा पालन, माछा संकलन तथा जलीय स्रोत उपयोग

(३) संघीय वा प्रदेश कानूनले प्रत्यक्ष रूपमा नियमन गरेका विषयमा त्यस्ता कानून लागू हुनेछन्। यस कार्यविधि ती कानूनहरूको पूरकका रूपमा स्थानीय स्तरमा व्यवस्थापन, सहजीकरण र समन्वयका लागि लागू गरिनेछ।

## परिच्छेद ३

## संस्थागत व्यवस्था

**५. ताल, नदी तथा जलचर संरक्षण तथा व्यवस्थापन समिति**

(१) बढैयातालको समग्र संरक्षण, दिगो उपयोग, माछा पालन तथा व्यवस्थापनका लागि गाउँपालिकामा एक स्थायी समिति गठन गरिनेछ।

(२) समितिको संरचना स्थानीय तह, प्राविधिक निकाय, समुदाय तथा पर्यटन क्षेत्रबीच समन्वय र सन्तुलन कायम हुने गरी समावेशी ढाँचामा गठन गरिनेछ। समितिमा नीति–निर्णय, प्राविधिक सल्लाह, सामुदायिक सहभागिता र कार्यान्वयनको जिम्मेवारी स्पष्ट हुने गरी प्रतिनिधित्व रहनेछ। समितिको संरचना देहायबमोजिम हुनेछ:

| पद | प्रतिनिधित्व |
|---|---|
| संयोजक | गाउँपालिका अध्यक्ष |
| सदस्य | गाउँपालिका उपाध्यक्ष |
| सदस्य | ताल क्षेत्र पर्ने सम्बन्धित वडा अध्यक्षहरु |
| सदस्य | माछापालन व्यवसायीहरु मध्येबाट प्रतिनिधि (१ जना) |
| सदस्य | कृषि /पशु शाखा प्रमुख वा प्रतिनिधि |
| सदस्य | सम्बन्धित वडाका सामुदायिक वन/ सहकारी / प्रतिनिधि |

बढैयाताल गाउँपालिका

| | |
|---|---|
| सदस्य | स्थानीय बढघर /समुदाय/महिला प्रतिनिधि (कम्तीमा १ जना महिला सहित ३ जना) |
| सदस्य सचिव | पशु सेवा शाखा प्रमुख |

(३) आवश्यक परे समितिले विज्ञ, प्राविधिक, सुरक्षाकर्मी वा सम्बन्धित निकायका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रूपमा बैठकमा सहभागी गराउन सक्नेछ।

(४) समितिको कार्यकाल ५ वर्षको हुनेछ र संयोजकले आवश्यकताअनुसार पुनर्गठन गर्न सकिनेछ।

(५) समितिको बैठक कम्तीमा त्रैमासिक रूपमा बस्नेछ र आवश्यक परे संयोजकले आपतकालीन बैठक बोलाउन सक्नेछ।

**६. समितिको काम, कर्तव्य र अधिकार**

(क) पाँच वर्षे ताल संरक्षण तथा व्यवस्थापन गुरुयोजना तयार गरी कार्यपालिका बाट स्वीकृत गराउने।

(ख) वार्षिक कार्ययोजना, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र कार्यान्वयनको प्रगति समीक्षा गर्ने।

(ग) निजी क्षेत्र वा लिज/व्यवस्थापन सम्झौतामार्फत ताल व्यवस्थापन गर्न आवश्यक मापदण्ड तयार गर्ने, प्रस्ताव मूल्याङ्कन गर्ने तथा सम्झौता गर्ने।

(घ) माछा पालन, जलीय जैविक विविधता संरक्षण तथा पर्यटन सञ्चालन सम्बन्धी न्यूनतम मापदण्ड, सुरक्षा व्यवस्था, शुल्क दर तथा सञ्चालन निर्देशिका निर्धारण गर्ने।

(ङ) ताल क्षेत्रको सीमाङ्कन, संरक्षण क्षेत्र निर्धारण तथा अतिक्रमण नियन्त्रण सम्बन्धी सिफारिस गर्ने।

(च) ताल संरक्षण तथा व्यवस्थापन कोष सञ्चालनको निगरानी गर्ने तथा आय—व्यय पारदर्शिता सुनिश्चित गर्ने।

(छ) त्रैमासिक अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने तथा आवश्यक कारबाहीका लागि कार्यपालिकामा सिफारिस गर्ने।

(ज) संघीय तथा प्रदेश निकायसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

(झ) यस कार्यविधि बमोजिम तोकिएका अन्य कार्य गर्ने।

## परिच्छेद ४

## लिज तथा व्यवस्थापन प्रक्रिया

**७. निजी क्षेत्र सहभागिता सम्बन्धी नीतिगत व्यवस्था**

(१) बढैयातालको संरक्षण, माछा पालनका लागि निजी क्षेत्रको सहभागितामा सञ्चालन गर्न सकिनेछ, तर तालको स्वामित्व, नियन्त्रण तथा नियामक अधिकार गाउँपालिकामै रहनेछ।

(२) निजी क्षेत्रलाई व्यवस्थापन अधिकार प्रदान गर्दा सार्वजनिक हित, वातावरण संरक्षण, स्थानीय रोजगारी, धार्मिक तथा सांस्कृतिक संवेदनशीलता र दीगो उपयोगलाई प्राथमिकता दिइनेछ।

बढैयाताल गाउँपालिका

(३) व्यवस्थापन अधिकार प्रदान गर्ने निर्णय अघि तालको वर्तमान अवस्था, वातावरणीय संवेदनशीलता, जैविक विविधता तथा सामाजिक प्रभावको प्रारम्भिक मूल्याङ्कन गरिनेछ।

**८. लिज वा व्यवस्थापन सम्झौता प्रदान गर्ने प्रक्रिया**

(१) ताल व्यवस्थापन निजी क्षेत्रलाई लिज वा व्यवस्थापन सम्झौतामार्फत प्रदान गर्नुअघि बढैयाताल गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८०, बढैयाताल गाउँपालिकाको जलचर एंव जलीय जैविक विविधता संरक्षण ऐन २०८२ तथा सम्बन्धित नियमावली बमोजिम अनिवार्य रुपमा वातावरणीय प्रभाव अध्ययन भएपछि मात्र प्रक्रिया अघि बढाइनेछ। तर वातावरणीय प्रभाव अध्ययन भई सकेकोमा लिज वा व्यवस्थापन सम्झौता गर्दा पुनः गर्नु पर्ने छैन ।

(२) वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनले सिफारिस गरेका वातावरणीय शर्तहरू लिज सम्झौतामा अनिवार्य रूपमा समावेश गरिनेछ।

(३) लिज दिनुअघि देहायको प्रक्रिया पूरा गरिनेछः

(क) गाउँकार्यपालिकाको सैद्धान्तिक निर्णय

(ख) सार्वजनिक सूचना प्रकाशन (कम्तीमा ३५ दिन)

(ग) प्राविधिक, वातावरणीय, सामाजिक तथा आर्थिक प्रस्ताव माग

(घ) प्रस्ताव मूल्याङ्कन समिति गठन

(४) प्रस्ताव मूल्याङ्कन देहायका आधारमा गरिनेछः

(क) संरक्षण तथा वातावरणीय व्यवस्थापन योजना — २०%
(ख) माछा पालन व्यवसायिक योजना — २०%
(ग) अनुभव, वित्तीय क्षमता तथा प्राविधिक क्षमता — ४५%
(घ) आर्थिक प्रस्ताव — १५ %

(५) उच्च आर्थिक प्रस्तावलाई मात्र आधार नमानी संरक्षण, सामाजिक उत्तरदायित्व, स्थानीय सहभागिता तथा दिगोपनका मापदण्डहरूलाई समग्र रूपमा मूल्याङ्कन गरिनेछ।

(६) लिज वा व्यवस्थापन सम्झौतामा देहायका शर्तहरू अनिवार्य रूपमा समावेश गरिनेछः

(क) वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन बमोजिमका वातावरणीय शर्तहरूको पूर्ण पालना

(ख) करेन्ट, विषादी तथा विनाशकारी अभ्यास निषेध

(ग) स्वीकृत प्रजाति तथा वैज्ञानिक मापदण्ड अनुसार मात्र माछा पालन

(घ) सुरक्षा, बीमा तथा दर्ता अनिवार्य

(ङ) फोहोर व्यवस्थापन तथा प्रदूषण नियन्त्रण योजना कार्यान्वयन

बढैयाताल गाउँपालिका

(च) स्थानीय रोजगारी तथा सीप विकासमा प्राथमिकता

(छ) वार्षिक वातावरणीय तथा वित्तीय प्रतिवेदन पेश गर्ने व्यवस्था

(ज) गम्भीर उल्लङ्घन भएमा सम्झौता रद्द गर्ने अधिकार गाउँपालिकामा रहने

(झ) सम्झौता नविकरण/सम्झौता रद्द गर्दा क्षति पूर्तिको व्यवस्था

(७) लिज सम्झौता सार्वजनिक दस्तावेजका रूपमा राखिनेछ र पारदर्शिता सुनिश्चित गरिनेछ।

(८) लिज/व्यवस्थापन सम्झौताका लागि आवेदन/EOI फाराम अनुसूची- १ बमोजिम, प्राविधिक प्रस्ताव अनुसूची-२ बमोजिम, वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना अनुसूची-३ बमोजिम, आर्थिक प्रस्ताव अनुसूची-४ बमोजिम पेश गर्नुपर्नेछ।

(९) प्रस्ताव मूल्याङ्कन अनुसूची-५ बमोजिमको मूल्याङ्कन फाराम अनुसार गरिनेछ।

(१०) **प्रस्ताव मूल्याङ्कन समिति**

(१) प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गर्न गाउँ कार्यपालिकाले मूल्याङ्कन समिति गठन गर्नेछ।

(२) मूल्याङ्कन समितिमा देहायका प्रतिनिधि समावेश गरिनेछः

(क) ताल तथा जलचर संरक्षण एबम व्यवस्थापन समितिक संयोजकले तोकेको प्रमुख प्रशासकीय अधिकृत वा अधिकृत स्तरको कर्मचारी -संयोजक

(ख) प्राविधिक शाखाका प्रतिनिधि — सदस्य

(ग) पशु सेवा शाखाका प्रतिनिधि - सदस्य

(घ) आर्थिक/लेखा शाखा प्रतिनिधि — सदस्य

(ङ) जलचर तथा जैविक विविधता सम्बन्धि विज्ञ- सदस्य

(च) माछापालन सम्बन्धि सहकारी/व्यवसायी — सदस्य

(च) पर्यटन शाखा हेर्ने कर्मचारी - सदस्य सचिव

(११) लिज/व्यवस्थापन सम्झौता गर्दा अनुसूची-६ बमोजिमको नमुना (मुख्य बुँदा) लाई आधार मानी सम्झौता गरिनेछ।

## <u>परिच्छेद ५</u>

## संरक्षण तथा उपयोग व्यवस्था

**९. निषेधित कार्यहरू**

(१) ताल तथा सिमसार क्षेत्रमा करेन्ट, विषादी, विस्फोटक पदार्थ वा अन्य कुनै पनि विनाशकारी उपकरण प्रयोग गरी माछा मार्न पूर्ण रूपमा निषेध गरिनेछ।

(२) माछा तथा अन्य जलचरको प्रजनन, वृद्धि र जैविक सन्तुलन संरक्षणका लागि असार १ देखि भदौ मसान्तसम्म ताल तथा सिमसार क्षेत्रमा माछा संकलन, सिकार, बिक्री तथा ओसारपसार निषेध गरिनेछ। तर, समितिबाट स्वीकृत वैज्ञानिक/संरक्षण प्रयोजन (ह्याचरी/नर्सरी/स्टकिङ) का लागि आवश्यक भुरा मात्र तोकिएको सर्त र अनुमति बमोजिम व्यवस्थापन गर्न सकिनेछ।

(३) ताल क्षेत्रभित्र वा तालमा प्रत्यक्ष असर पर्ने गरी अतिक्रमण, अवैध संरचना निर्माण, फोहोर फाल्ने, ढल, तेल, रासायनिक वा अन्य प्रदूषक पदार्थ मिसाउने कार्य निषेध गरिनेछ।

(४) धार्मिक, सांस्कृतिक, पर्यटन वा अन्य कुनै गतिविधिका नाममा तालको प्राकृतिक स्वरूप, जैविक विविधता वा वातावरणीय सन्तुलनमा नकारात्मक असर पर्ने कार्य गर्न पाइने छैन।

(५) संघीय वा प्रदेश कानूनले संरक्षित घोषणा गरेका जलचर तथा जलीय जीवजन्तुको सिकार, ओसारपसार वा व्यापार गर्न निषेध गरिनेछ।

**१०. माछा पालन तथा जलीय स्रोत उपयोग व्यवस्था**

(१) तालमा गरिने माछा पालन, संकलन तथा जलीय स्रोत उपयोग वैज्ञानिक, संरक्षणमुखी र दीगो व्यवस्थापन सिद्धान्त अनुसार सञ्चालन गरिनेछ।

(२) माछा प्रजाति छनोट, स्टकिङ दर, जालको न्यूनतम साइज, संकलन समय तथा विधि ताल संरक्षण, माछा पालन तथा पर्यटन व्यवस्थापन समितिले प्राविधिक सिफारिसको आधारमा निर्धारण गर्नेछ।

(३) बाह्य वा गैर-स्थानीय माछा प्रजाति भित्र्याउँदा संघीय वा प्रदेश सरकारबाट आवश्यक अनुमति लिनुपर्नेछ र स्थानीय जैविक विविधतामा नकारात्मक असर नपर्ने सुनिश्चित गर्नुपर्नेछ।

(४) स्थानीय तथा स्वदेशी माछा प्रजातिको संरक्षण, प्रवर्द्धन र पुनर्स्थापनालाई प्राथमिकता दिइनेछ।

(५) माछा पालन तथा संकलन कार्य गर्दा तालको पानीको गुणस्तर, धार्मिक गतिविधि, पर्यटन सञ्चालन र अन्य प्रयोगकर्तामा प्रतिकूल असर नपर्ने व्यवस्था मिलाइनेछ।

**११. सामुदायिक नदी/ताल तथा पोखरीमा भौतिक संरचना र मत्स्य प्रवर्द्धनका लागि अनुदान**

(१) गाउँपालिकाभित्र रहेका बढैयाताल लगायत सामुदायिक ताल, सिमसार, सामुदायिक जलचर संरक्षण समूह, मत्स्य सहकारी तथा व्यक्तिगत पोखरीको क्षेत्रमा जैविक विविधतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिकाले तथा अन्य सरकारी/गैरसरकारी संघ-संस्थाको सहकार्यमा देहायका क्रियाकलापका लागि अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछः

(क) पोखरी/ताल सुधार, किनार संरक्षण, सानो पूर्वाधार तथा आवश्यक भौतिक संरचना निर्माण,

(ख) भुरा उत्पादन/वितरण, नर्सरी/ह्याचरी प्रवर्द्धन,

(ग) उत्पादन, भण्डारण, प्रशोधन, प्याकेजिङ/ब्राण्डिङका उपकरण,

(घ) दाना तथा औषधि (प्रचलित मापदण्ड बमोजिम) र गुणस्तर सुधार सहयोग,

(ङ) बजारीकरण, मूल्य श्रृंखला अभिवृद्धि तथा व्यवसाय विकास,

बढैयाताल गाउँपालिका

(च) मत्स्य व्यवसायसँग सम्बन्धित विद्युत महसुल/सेवा शुल्कमा सहजीकरण (गाउँपालिकाले तोके बमोजिम)

(२) उपदफा (१) बमोजिम अनुदान/सहयोग उपलब्ध गराउँदा मत्स्य सहकारी, जलचर संरक्षण समूह तथा सम्बन्धित संस्था गाउँपालिकामा दर्ता भएको हुनुपर्नेछ। व्यक्तिगत पोखरीको हकमा जग्गाधनी/सञ्चालकको परिचय खुल्ने कागजात तथा सम्बन्धित वडा कार्यालयको सिफारिस आवश्यक हुनेछ।

(३) अनुदान/सहयोगको प्रकार, सीमा, प्राथमिकता, छनोट प्रक्रिया, पारदर्शिता, अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था गाउँकार्यपालिकाले स्वीकृत गरेको मापदण्ड/कार्यविधि बमोजिम हुनेछ।

**१२. पर्यटन व्यवस्थापन**

(१) ताल क्षेत्रमा सञ्चालन गरिने डुङ्गा सयर, ताल अवलोकन, पिकनिक, धार्मिक भ्रमण तथा अन्य पर्यटन गतिविधि गाउँपालिकाबाट स्वीकृत अनुमति लिएर मात्र सञ्चालन गर्न सकिनेछ।

(२) पर्यटन गतिविधि सञ्चालन गर्दा यात्रुको सुरक्षा, तालको वातावरणीय संरक्षण तथा धार्मिक-सांस्कृतिक संवेदनशीलतालाई विशेष प्राथमिकता दिनुपर्नेछ।

(३) डुङ्गा तथा जल-डुङ्गा सञ्चालन गर्दा , सम्झौता बमोजिम ताल भित्र संचालन गर्ने क्षेत्र , लाइफ ज्याकेट, यात्रु क्षमता सीमा, दर्ता, बीमा तथा अन्य सुरक्षा मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

(४) पर्यटक प्रवेश शुल्क, डुङ्गा सयर शुल्क तथा अन्य सेवा शुल्क गाउँ पालिकाको आर्थिक ऐनले निर्धारण गरे बमोजिम हुनेछ।

(५) पर्यटनबाट प्राप्त आम्दानी ताल संरक्षण, वातावरणीय व्यवस्थापन, धार्मिक स्थल संरक्षण तथा स्थानीय समुदायको सामाजिक-आर्थिक विकासमा उपयोग गरिनेछ।

**परिच्छेद ६**

**आर्थिक व्यवस्था**

**१३. आम्दानी बाँडफाँड**

(१) ताल संरक्षण, माछा पालन तथा पर्यटन व्यवस्थापनबाट प्राप्त हुने सम्पूर्ण आम्दानी पारदर्शी रूपमा संकलन गरिनेछ र देहायबमोजिम बाँडफाँड गरिनेछः

(क) ३० प्रतिशत - ताल संरक्षण तथा व्यवस्थापन कोषमा जम्मा गरिनेछ, जसबाट तालको संरक्षण, पुनर्स्थापना, सरसफाइ, जैविक विविधता संरक्षण तथा वातावरणीय व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) ५० प्रतिशत - ताल सञ्चालन, माछा पालन व्यवस्थापन, पर्यटन सेवा सञ्चालन, सुरक्षा व्यवस्था, कर्मचारी/कामदार पारिश्रमिक तथा स्थानीय समुदाय विकास सम्बन्धी कार्यक्रमहरूमा खर्च गरिनेछ।

(ग) २० प्रतिशत - गाउँपालिकाको वातावरण संरक्षण, ताल-आधारित पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास, धार्मिक तथा सांस्कृतिक स्थल संरक्षण तथा प्रचार-प्रसार सम्बन्धी कार्यक्रमहरूमा उपयोग गरिनेछ।

बेल्खाताल गाउँपालिका

(२) आम्दानी बाँडफाँडको अनुपात आवश्यकताअनुसार समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयबाट संशोधन गर्न सकिनेछ।

**१४. ताल संरक्षण तथा व्यवस्थापन कोष**

(१) तालको दीगो संरक्षण, व्यवस्थापन तथा विकासका लागि "ताल संरक्षण तथा व्यवस्थापन कोष" स्थापना गरिनेछ।

(२) कोषको स्रोत देहायबमोजिम हुनेछः

(क) तालबाट प्राप्त आम्दानी

(ख) गाउँपालिकाबाट प्राप्त बजेट तथा अनुदान

(ग) संघीय वा प्रदेश सरकारबाट प्राप्त अनुदान

(घ) दातृ निकाय, संघ-संस्था वा व्यक्तिबाट प्राप्त सहयोग

(ङ) जरिवाना तथा सेवा शुल्कबाट प्राप्त रकम

(३) कोषको रकम देहायका प्रयोजनमा मात्र खर्च गरिनेछः

(क) ताल संरक्षण, पुनर्स्थापना तथा सरसफाइ

(ख) जलचर तथा जलीय जैविक विविधता संरक्षण

(ग) वातावरणीय अनुगमन तथा अध्ययन-अनुसन्धान

(घ) ताल-आधारित पर्यटन पूर्वाधार तथा सुविधा विकास

(ङ) धार्मिक तथा सांस्कृतिक स्थल संरक्षण र व्यवस्थापन

(४) कोषको सञ्चालन, खर्च तथा लेखा व्यवस्थापन प्रचलित कानून बमोजिम हुनेछ र प्रत्येक आर्थिक वर्षमा लेखापरीक्षण अनिवार्य गरिनेछ।

(५) कोषको आय-व्यय विवरण गाउँपालिकाको वेबसाइट, सूचना पाटी वा सार्वजनिक सुनुवाइमार्फत सार्वजनिक गरिनेछ।

(६) कोष दुरुपयोग भएमा सम्बन्धित व्यक्ति वा संस्थामाथि प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

## परिच्छेद ७

## तालमा माछापालन समन्वय कार्यविधि

**१५. अनुमति प्रक्रिया**

(१) बढैयाताल गाउँपालिकाभित्र रहेका ताल तथा जलाशय क्षेत्रमा माछापालन गर्न इच्छुक समूह, सहकारी संस्था वा निजी क्षेत्रले अनुसूची-११ बमोजिम गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ।

(२) निवेदनसँग देहायका कागजात संलग्न गर्नुपर्नेछः

(क) समूह/संस्थाको दर्ता प्रमाणपत्र

बढैयाताल गाउँपालिका

(ख) प्रस्तावित माछापालन क्षेत्रको विवरण तथा नक्सा

(ग) माछापालन योजना (जात, मात्रा, अवधि)

(घ) वातावरणीय संरक्षण उपायको विवरण

(ङ) समन्वय योजना

(३) गाउँपालिकाले निवेदनको प्रारम्भिक मूल्याङ्कन गरी आवश्यक ठानेमा स्थलगत निरीक्षण गर्नेछ।

(४) निरीक्षण प्रतिवेदन सन्तोषजनक भएमा पालिका स्तरीय ताल, नदी तथा जलचर संरक्षण तथा व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले निश्चित क्षेत्र, समय र विधि तोकी अनुमति पत्र जारी गर्नेछ।

(५) अनुमति पत्रमा माछापालन गर्न पाउने अवधि, क्षेत्र र शर्त स्पष्ट उल्लेख गरिनेछ।

(६) अनुमति बिना माछापालन गर्न पाइने छैन।

**१६. समन्वय तथा क्षेत्र निर्धारण**

(१) माछापालन क्षेत्र निर्धारण गर्दा जल-पर्यटन, धार्मिक गतिविधि, ताल अवलोकन तथा अन्य पर्यटकीय गतिविधिसँग द्वन्द्व नहुने व्यवस्था मिलाइनेछ।

(२) आवश्यक परेमा ताल क्षेत्रलाई माछापालन क्षेत्र, पर्यटन क्षेत्र र धार्मिक क्षेत्र भनी फरक-फरक क्षेत्र निर्धारण गर्न सकिनेछ।

(३) माछापालन र पर्यटन गतिविधि सञ्चालनको समय तालिका अलग—अलग तोक्न सकिनेछ।

**१७. वातावरणीय सर्त तथा संरक्षण व्यवस्था**

माछापालन सञ्चालन गर्दा देहायका वातावरणीय सर्त अनिवार्य रूपमा पालना गर्नुपर्नेछः

(क) हानिकारक रासायनिक दाना, प्रतिबन्धित विषादी तथा प्रचलित मापदण्ड विपरीतका औषधि/रसायन प्रयोग गर्न निषेध हुनेछ।

(ख) तालको प्राकृतिक स्वरूप, जैविक विविधता तथा जलचर प्रणालीमा प्रतिकूल असर नपर्ने गरी माछापालन गर्नुपर्नेछ।

(ग) तालमा फोहोर, प्लास्टिक, जालको अवशेष वा अन्य वस्तु फाल्न निषेध हुनेछ।

(घ) माछापालन गर्दा अत्यधिक आवाज, यान्त्रिक साधन वा तालको सौन्दर्य बिगार्ने गतिविधि गर्न पाइने छैन।

(ङ) मृत माछा वा फोहोर व्यवस्थापन सुरक्षित र वातावरणमैत्री तरिकाले गर्नुपर्नेछ।

**परिच्छेद-८**

**अनुगमन, कसुर तथा सजाय**

**१८. अनुगमन सम्बन्धि व्यवस्था**

(१) समितिले ताल क्षेत्र, माछा पालन, तथा लिज/व्यवस्थापन सम्झौताको कार्यान्वयनको नियमित अनुगमन गर्नेछ।



छेड्याताल गाउँपालिका

(२) अनुगमन कम्तीमा त्रैमासिक रूपमा गरिनेछ र आवश्यक परे आकस्मिक अनुगमन पनि गर्न सकिनेछ।

(३) अनुगमन गर्दा देहायका विषयहरूमा विशेष ध्यान दिइनेछः

(क) वातावरणीय संरक्षण तथा वातावरणीय अध्यन प्रतिवेदनका शर्तहरूको पालना

(ख) माछा पालन, संकलन तथा प्रजनन संरक्षणको अवस्था

(ग) फोहोर व्यवस्थापन, प्रदूषण नियन्त्रण र ताल सरसफाइ

(घ) सम्झौतामा उल्लेखित दायित्व तथा प्रतिबद्धताको कार्यान्वयन

(४) अनुगमनका क्रममा देखिएका समस्या, सुधारका सुझाव तथा उल्लङ्घनको विवरण सहित अनुगमन प्रतिवेदन तयार गरी गाउँकार्यपालिकामा पेश गरिनेछ।

(५) आवश्यक परे समितिले जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, सुरक्षा निकाय, पर्यटन कार्यालय वा अन्य सम्बन्धित संघीय/प्रदेश निकायसँग समन्वय गरी संयुक्त अनुगमन गर्न सक्नेछ।

(६) अनुगमनका क्रममा प्रयोग हुने चेकलिस्ट तथा प्रतिवेदन ढाँचा अनुसूची-७ बमोजिम हुनेछ।

**१९. कसुर तथा सजाय**

(१) कसुरः कसैले देहायको कुनै कार्य गरेमा यस कर्यविधि बमोजिम कसुर गरेको मानिनेछः-

(क) कुनै व्यक्तिले पनि कुनै खोला वा तालमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले त्यस्तो घरधुरीमावा खोला वा तालमा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेन्ट), विष्फोटक पदार्थ, विषालु पदार्थको प्रयोग गर्ने, तथा बहाव परिवर्तन गरेमा ।

(ख) खोलामा माछा र जलचर समात्ने अभिप्रायले जालको आँखाको साइज दुई दशमलव पाँच सेन्टिमिटर (पचीस मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) ठूलो प्वाल को जाल, चौथीं, माहाजाल र करेण्ट जाल जस्ता जाल प्रयोग गर्ने वा घन ठोक्ने कार्य गरेमा,

(ग) नदीनाला वा खोलामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो आँखाको साइज र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) वा सो भन्दा ठुलो आँखाको साइज भएको जाल,चौथीं, माहाजाल र करेण्ट जाल (गिल नेट) वा मच्छर झुलप्रयोग गरेमा,

(घ) जलचर वा माछा संकलन गर्न, पक्रन वा मार्न वा अन्य कुनै प्रयोजनका लागि डोजर वा जेसिवी जस्ता मेशिनको प्रयोग गरी खोलाको धार परिवर्तन गरेमा,

(ङ) कसैले पनि जलचर समात्न वा मार्नका लागि जालको आँखाको साइज एक दशमलव पाँच सेन्टिमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र पाँच सेन्टिमिटर (पचास मिलिमिटर) को जाल, चौथीं, माहाजाल वा करेण्ट जाल पैठारी वा खरिद बिक्री गरेमा,

(च) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि खोला वा तालमा रहेको मत्स्य भञ्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोका थुनेमा वा भत्काएमा,

(छ) तोकिएका जातिका जलचरलाई गाउँपालकिाको इजाजत पत्र बेगर कुनै पनि व्यक्तिले समातेमा, मारेमा, चोट पुर्याएमा वा क्षति पुर्याएमा,

बौध्याताल गाउँपालिका

(ज) गाउँपालिकको आदेशद्वारा तोकिएका ठाउँको सामुदायिक खोला वा तालमा गाउँपालकिाको इजाजत बेगर कुनै पनि व्यक्तिले जानी जानी जलचरहरु समात्न, मार्न वा चोट पु¥याउन नपाउने गरी जारी गरेको सूचनाको उलंघन गरेमा,

(झ) दफा ७ बमोजिम बाँध निर्माण वा सञ्चालन गर्ने निकायले मत्स्य भ¥याङ्ग निर्माण नगरेमा वा जलचर हयाचरी वा जलचर नर्सरीको व्यवस्था नगरेमा,

(ञ) दफा ७ बमोजिम बाँध सञ्चालन गर्ने निकायले खोलाको प्रवाहको पन्ध्र देखि पच्चीस प्रतिशत न्यूनतम वातावरणीय बहाव कायम नगरेमा,

(ट) कुनै व्यक्ति, संस्था वा निकायले फोहरमैला वा दूषित पानी (लिचेट) वा ढल खोला वा तालमा चुहावट वा उत्सर्जन गरी खोला वा ताल प्रदूषित गरेमा,

(ठ) ताल तलैया पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शंखे किरा, कछुवा लगायत अन्य जलचर खोला, खोलानालावा सार्वजनिक ताल, तलैया, पोखरी, दह वा सीमसारमा छाडेमा वा निस्कासन गरेमा,

(ड) गाउँपालकिाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत जलिय वनस्पति र अन्य जलचरलाई समातेमा, मारेमा, चोट पुर्याएमा वा क्षति पुर्याएमा ।

(२) यस कार्यविधि वा लिज/व्यवस्थापन सम्झौतामा उल्लिखित व्यवस्था उल्लङ्घन गर्ने व्यक्ति, संस्था वा सेवा प्रदायकलाई कसुरदार मानिनेछ।

(३) कसुरको प्रकृति अनुसार गाउँ पालिकाको आर्थिक ऐन बमोजिम सजाय गरिनेछ साथै वातावरणीय, धार्मिक, सांस्कृतिक वा सुरक्षा सम्बन्धी गम्भीर क्षति पुगेमा लिज/व्यवस्थापन सम्झौता आंशिक वा पूर्ण रूपमा रद्द गर्न सकिनेछ।

(४) करेन्ट, विषादी, विस्फोटक प्रयोग, प्रदूषण, संरक्षित जलचर सिकार जस्ता कार्य संघीय वा प्रदेश कानून अन्तर्गत पर्ने गम्भीर कसुर भएमा सम्बन्धित कानून बमोजिम मुद्दा दायर गरिनेछ।

(५) सजाय तोक्नु अघि सम्बन्धित पक्षलाई आफ्नो कुरा राख्ने मौका (सुनुवाइ) प्रदान गरिनेछ।

(६) सजायबाट असन्तुष्ट पक्षले गाउँकार्यपालिका समक्ष पुनरावलोकनको निवेदन दिन सक्नेछ।

(७) जरिवानाबाट प्राप्त रकम ताल संरक्षण तथा व्यवस्थापन कोषमा जम्मा गरिनेछ।

## परिच्छेद ९

## विविध

### २०. सामुदायिक जलचर संरक्षण समूह गठन तथा दर्ता

(१) गाउँपालिकाभित्रका सामुदायिक ताल, सिमसार वा सामुदायिक नदी/खोलाको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोगका लागि स्थानीय बासिन्दाहरूले सामुदायिक जलचर संरक्षण समूह गठन गर्न सक्नेछन्।

(२) समूह गठन भएपछि अनुसूची-९ बमोजिम निवेदन र विधान संलग्न गरी गाउँपालिकामा दर्ताका लागि पेश गर्नुपर्नेछ।

(३) आवश्यक जाँचबुझपछि गाउँपालिकाले अनुसूची-१० बमोजिम दर्ता प्रमाणपत्र प्रदान गर्नेछ।

(४) समूहले बैंक खाता खोली आर्थिक कारोबार पारदर्शी रूपमा सञ्चालन गर्नुपर्नेछ।

(५) समूहको कार्यसमिति गठन, कार्यकाल र जिम्मेवारी विधान बमोजिम हुनेछ।

**२१. नागरिकको कर्तव्य तथा अधिकारः**

(१) जलचर, जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरुको संरक्षण तथा दिगो उपयोग गर्नु प्रत्येक व्यक्ति, समूह, संस्था वा निकायको कर्न्तव्य हुनेछ ।

(२) खोला वा ताल, सिमसारमा कुनै पनि किसिमबाट मिचाहा प्रकृति वा प्रजातिका जलीय जीव तथा जलचर खोला वा ताल, सिमसारमा निष्कासन वा बिसर्जन हुन रोक्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ

(३) गाउँपालकिाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शंखे किरा, माछा, झिङ्गे माछा, लगायत अन्य जलिय वनस्पति र जलचरको नागरिकले बिशेष सुरक्षा, संरक्षण एवं सम्बद्र्धन गर्नु पर्नेछ ।

**२२. निर्देशिका तथा मापदण्ड बनाउने अधिकार**

(१) यस कार्यविधिको प्रभावकारी कार्यान्वयन, व्यवस्थापन तथा अनुगमनका लागि गाउँकार्यपालिकाले आवश्यक निर्देशिका, मापदण्ड, कार्यप्रक्रिया, दररेट, शुल्क निर्धारण तथा कार्ययोजना स्वीकृत गर्न सक्नेछ।

(२) यस कार्यविधि अन्तर्गत देहायका विषयमा छुट्टै निर्देशिका वा मापदण्ड बनाउन सकिनेछः

(क) ताल संरक्षण तथा पुनर्स्थापना मापदण्ड

(ख) माछा पालन तथा जलीय स्रोत उपयोग मापदण्ड

(ग) लिज वा व्यवस्थापन सम्झौता सम्बन्धी कार्यप्रक्रिया

(घ) शुल्क, दररेट तथा आम्दानी संकलन प्रक्रिया

(ङ) वातावरणीय अनुगमन तथा प्रतिवेदन प्रणाली

(३) उपदफा २ बमोजिमको नियम, निर्देशिका वा मापदण्ड तयार गर्दा यस कार्यविधि, प्रचलित संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरि बनाईनेछ।

(४) आवश्यक परे गाउँपालिकाले समयसापेक्ष रूपमा दररेट, सुरक्षा मापदण्ड तथा सञ्चालन प्रक्रिया परिमार्जन गर्न सक्नेछ।

**२३. संशोधन, व्याख्या तथा बाधा अड्काउ फुकाउने अधिकार**

(१) यस कार्यविधिमा संशोधन गर्न आवश्यक ठहरेमा गाउँकार्यपालिकाले निर्णय गरी संशोधन गर्न सक्नेछ।

(२) कार्यविधि कार्यान्वयनका क्रममा कुनै दफा वा उपदफाको व्याख्या आवश्यक परेमा सो सम्बन्धमा अन्तिम व्याख्या गर्ने अधिकार गाउँकार्यपालिकामा रहनेछ।

(३) कार्यान्वयनमा कुनै कानुनी, प्राविधिक वा प्रशासनिक बाधा अड्काउ उत्पन्न भएमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा फुकाउन सक्नेछ, तर यस्तो निर्णय यस कार्यविधि तथा प्रचलित कानूनसँग बाझिने हुनु हुँदैन।

(४) संशोधित व्यवस्था सार्वजनिक सूचना मार्फत प्रकाशन गरिनेछ।

२४. **अधिकार प्रत्यायोजनः** गाउँपालिकाले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, कार्यालय, कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२६. **बचाउ :** यस कार्यविधिको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरू यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

**अनुसूची-१**

**लिज/व्यवस्थापन सम्झौता लागि प्रस्ताव (EOI/आवेदन) फाराम**

१. आवेदक (संस्था/फर्म/कम्पनी) को नामः

२. दर्ता नम्बर/प्यान/भ्याटः

३. ठेगानाः फोन/इमेलः

४. अधिकृत प्रतिनिधिको नाम/पदः

५. ताल/क्षेत्र (सम्बन्धित तालको नाम):

६. प्रस्तावित अवधिः वर्ष

७. अनुभव विवरण (ताल/पर्यटन/मत्स्य/प्राकृतिक स्रोत):

८. प्रस्ताव संलग्न कागजात सूचीः

- दर्ता प्रमाणपत्र
- प्यान/कर चुक्ता प्रमाण (सम्भव भए)
- प्राविधिक प्रस्ताव (अनुसूची-२ अनुसार)
- वातावरणीय/सामाजिक योजना (अनुसूची-३ अनुसार)
- आर्थिक प्रस्ताव (अनुसूची-४ अनुसार)

९. घोषणाः प्रस्तुत विवरण सत्य हो। कार्यविधि तथा प्रचलित कानून पालना गर्नेछु/गर्छौं।

आवेदकको हस्ताक्षरः मितिः

बेगनाताल गाउँपालिका

## अनुसूची २

### माछा पालन तथा विक्रि वितरण कार्यका लागि शिलबन्दी बोलपत्र अह्वान सम्बन्धी सूचनाको ढांचा

(प्रथम पटक प्रकाशित मिति ....... )

सार्वजनिक खरिद नियमावली २०६४ र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ४ अनुसार यस गाउँपालिका क्षेत्र भित्र रहेका तपसिलका तालहरुमा माछा पालन तथा बिक्रि वितरण कार्यका लागि शिलबन्दी बोलपत्र अह्वान गरी ५ बर्ष सम्मका लागि ठेक्का लगाउनु पर्ने भएकोले रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ५ अनुसार शिलबन्दी बोलपत्र अह्वान सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ । उक्त तालमा माछा पालन तथा बिक्रि वितरण कार्यका लागि ठेक्का लिन इच्छुक नेपाल सरकारबाट कृषि, पशुपालन, माछा पालन जस्ता कार्यका लागि ईजाजत प्राप्त व्यक्ति, फर्म, वा कम्पनीबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न यो ३५ दिने सूचना प्रथम पटक प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कर दस्तुरको विवरण | ठेगाना | न्यूनतम ठेबक्का अंक मु.अ.कर सहित रू | वोलपत्र फाराम दस्तुर रू | सूचनाको अवधि | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

१. शिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन सम्म कार्यालय समय भित्र बढैयाताल गाउँ कार्यपालिकाको कार्यालय मैनापोखर बर्दियामा फर्म/कम्पनि दर्ता, नविकरण सहित, मु.अ.कर, स्थायी लेखा नम्बर, र आ. व. ............. को कर चुक्ता भएको प्रमाण पत्र र संचालकको नेपाली नागरिकताको प्रमाण पत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राखी राजश्व दस्तुर वाफत नगद रु .............. (दस्तुर फिर्ता नहुने) वा पालिकाको राजश्व खातामा जम्मा गरेको बैक् भोचर बुझाई बढैयाताल गाउँ कार्यपालिकाको कार्याल/ लेखा शाखाबाट बोलपत्र खरिद गर्न सकिनेछ ।

२. खरिद गरेको बोलपत्र ३५ औ दिन कार्यालय समय भित्र गाउँ कार्यपालिकाकोकार्यालयमा दर्ता गर्नु पर्ने छ र सोही दिनको ५बजे दरभाउ पत्र खोलिनेछ ।

३. रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० को दफा ११ अनुसार ठेक्का अवधि ५ बर्ष हुनेछ

बढैयाताल गाउँपालिका

४. बोलपत्र दाताले खामको बाहिर पटी ठेक्का नं. ठेक्काको विवरण नाम प्रष्ट बुझिने गरी खुलाउनु पर्ने छ

५. ठेक्का लिन चाहने इच्छुक व्यक्तिले आफुले कबोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बाफतको रकम यस कार्यालयको नाममा ................. बैंक मैनापोखर शाखामा रहेको धरौटी खाता नं................ मा नगदैं जम्मा वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको १२० दिन म्याद भएको बिड बण्डको सक्कल प्रति शिलबन्दी बोलपत्र साथ संलग्न गर्नु पर्नेछ ।

६. कबोल रकम अंक र अक्षरमा प्रष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । यस कार्यालयमा दर्ता भएको दरभाउ पत्र फिर्ता हुने छैन ।

७. पेश भएका दरभाउ पत्र दर्ता भएको दिनको ५:१५ बजेबाट यस कार्यालयमा बोलपत्र दता वा निजको प्रतिनिधी तथा कार्यालयका प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ । सो समयमा बोलपत्र दाता वा निजको प्रतिनिधीहरु उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

८. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा गाउँ कार्यपालिकाको कार्यालय खुलेको दिन सोही समयनुसार हुनेछ ।

९. रित पुर्वक दाखिला भएका बोलपत्रहरु मध्ये घटी वा बढी वालाको पत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना संसोधन गर्ने आदि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन ।

१०. ठेक्का कबोल गरेको रकम ठेक्का सम्झौत गर्ने ठेकेदारले प्रत्येक बर्षको चैत्र मसान्त भित्र आफुले कबोल गरेको अंकको रकमलाई ५ किस्ता मानी हुन आउने प्रत्येक बर्षको किस्ता एक मुष्ठ बुझाउनु पर्नेछ ।

११. ठेकेदारले नेपाल सरकार तथा गाउँ कार्यपालिकाको कार्यालयले समय समयमा दिइएको निर्देशन पालना गर्नु पर्नेछ । कार्यालय तथा ठेकेदार बिच कुनै बिबाद उत्पन्न भएमा गाउँ कार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. प्रचलित नियमानुसार कालो सुचिमा परेका र पालिकालाई बुझाउनु पर्ने बाँकी बक्यैता भएका फर्म तथा कम्पनिहरुको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

१३. बढैयाताल एक पर्यटकीय महत्वबोकेको जैविक विविधताले भरिपुर्ण तथा पंक्षीहरूको बासस्थान रहेकोले यसको पारस्थितिकीय प्रणालिको संरक्षण, सम्भार तथा उचित वस्थापन र विकास गर्न फर्म वा कम्पनिले सम्बन्धित विषय विज्ञ संलग्न गराउनु पर्ने छ ।बोलपत्र पेश गर्दा निजको वायोडाटा सहित उपाधि र अनुभवको कागजात संलग्न गर्नु पर्ने छ ।

१४. सूचनामा उल्लेख हुन नसकेका अन्य कुराहरुको हकमा प्रचलित नियम कानुन अनुसार हुनेछ

१७. ठेकेदारले तालको प्राकृतिक आकृति तथा संरचना बिग्रिने गरी, जैविक विविधतामा असर पर्ने गरी र वन, जलचर ऐन तथा पर्यावरण सम्बन्धी ऐन नियमको विपरित हुने गरी कुनै कार्य गर्न पाइने छैन ।

१८. यस सूचनाका विषयमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बढैयाताल गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१९. सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ उपनियम १ बमोजिम गाउँपालिकामा सूचिकृत व्यति, संस्था, आपूर्तिकर्ता , फर्म ,,निर्माण व्यवसायि, परामर्सदाता वा सेवाप्रदायक संस्थाले मात्र बोल पत्र पेश गर्न सक्ने छ ।

बढैयाताल गाउँपालिका

## अनुसूची-३

## प्राविधिक प्रस्ताव ढाँचा

**क. संस्थागत क्षमता**

१. संस्थाको परिचय/उद्देश्य

२. जनशक्ति (व्यवस्थापक, मत्स्य प्राविधिक, सुरक्षा, लेखा)

३. उपकरण/पूर्वाधार (डुङ्गा, सुरक्षा सामग्री, सरसफाइ सामग्री आदि)

**ख. सञ्चालन योजना**

१. सेवा योजना

२. सुरक्षा योजना तथा जोखिम व्यवस्थापन)

३. माछा पालन/जलीय स्रोत उपयोग योजना (प्रजाति, जाल मापदण्ड, समय)

**ग. स्थानीय रोजगारी तथा सीप विकास**

१. स्थानीय रोजगारी संख्या र प्राथमिकता

२. तालिम/सीप विकास कार्यक्रम

छत्रेश्वरी गाउँपालिका

**घ. पारदर्शिता र रिपोर्टिङ**

१. बैंकिङ कारोबार, लेखा प्रणाली, त्रैमासिक/वार्षिक रिपोर्टिङ प्रतिबद्धता

**अनुसूची-४**

**वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP)**

१. वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन आवश्यक भए/नभएको स्थिति र योजना

२. पानीको गुणस्तर संरक्षण उपाय (ढल/तेल/फोहोर नियन्त्रण)

३. फोहोर व्यवस्थापन (डस्टबिन, संकलन, निकास)

४. जैविक विविधता संरक्षण (प्रजनन मौसम पालना, संरक्षित प्रजाति संरक्षण)

५. ध्वनि/भीड नियन्त्रण (धार्मिक/पर्यटकीय संवेदनशीलता अनुसार)

६. आकस्मिक व्यवस्थापन (दुर्घटना, आगलागी, डुबान, प्रदूषण)

७. सामाजिक उत्तरदायित्व तथा स्थानीय समुदायसँग समन्वय

८. वार्षिक वातावरणीय प्रतिवेदन ढाँचा/समयसीमा

बैतडी गाउँपालिका

**अनुसूची-५**

**आर्थिक प्रस्ताव ढाँचा**

१. वार्षिक लिज शुल्क (रु.):

२. आम्दानी बाँडफाँड/राजस्व साझेदारी प्रस्ताव (यदि लागू भएमा):

३. प्रारम्भिक लगानी योजना (पूर्वाधार/सुरक्षा/सरसफाइ):

४. अनुमानित वार्षिक आम्दानी-खर्च सारांश:

५. बैंक ग्यारेन्टी/कार्यसम्पादन जमानत (यदि मागिएकोमा):

६. कर तथा शुल्क पालना प्रतिबद्धता:

हस्ताक्षर/छाप: मिति:

बैंठ्याताल गाउँपालिका

## अनुसूची-६

## प्रस्ताव मूल्याङ्कन फाराम

(क) **संरक्षण तथा वातावरणीय व्यवस्थापन योजना — २०**

- वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन शर्त/ESMP स्पष्टता (१०)
- प्रदूषण नियन्त्रण/फोहोर व्यवस्थापन (५)
- जैविक विविधता संरक्षण (५)

(ख) माछा पालन योजना -**२०**

- सेवा गुणस्तर/सुरक्षा (१०)
- मत्स्य व्यवस्थापन वैज्ञानिकता (५)
- धार्मिक/सांस्कृतिक संवेदनशीलता (५)

(ग) अनुभव तथा प्राविधिक क्षमता/ शिप हस्तान्तरण - **४५**

- सम्बन्धित अनुभव (२०)
- दक्ष जनशक्ति (१५)
- उपकरण क्षमता (१०)

(घ) आर्थिक प्रस्ताव — **१५**

- लिज शुल्क/राजस्व साझेदारी (१५ )

**कुल अंकः**......./१००

मूल्याङ्कन समितिको हस्ताक्षरः मितिः

## अनुसूची-७

### लिज/व्यवस्थापन सम्झौता नमुना (मुख्य बुँदा)

१. पक्षहरूः गाउँपालिका (पहिलो पक्ष) र व्यवस्थापन पक्ष (दोस्रो पक्ष)

२. उद्देश्य/कार्यक्षेत्रः संरक्षण + मत्स्य पालन

३. अवधिः............वर्ष, नवीकरण शर्त

४. वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन पालना अनिवार्य

५. निषेधित कार्य (करेन्ट/विषादी/प्रजनन मौसम उल्लङ्घन/प्रदूषण)

६. सुरक्षा मापदण्ड (लाइफ ज्याकेट, बीमा, क्षमता सीमा, दर्ता)

७. शुल्क/दररेट र राजस्व संकलन प्रक्रिया

८. आम्दानी बाँडफाँड तथा कोष जम्मा

९. प्रतिवेदनः त्रैमासिक/वार्षिक वित्तीय + वातावरणीय रिपोर्ट

१०. अनुगमनः समितिको अनुगमन अधिकार/संयुक्त अनुगमन

११. उल्लङ्घनमा जरिवाना/सुधार नोटिस/सम्झौता रद्द/

१२. विवाद समाधानः पहिलो चरण समिति/कार्यपालिका, आवश्यक परे प्रचलित कानून

१३. लागू मिति/हस्ताक्षर/छाप

बैठ्यातल गाउँपालिका

**अनुसूची-८**

**अनुगमन चेकलिस्ट तथा प्रतिवेदन ढाँचा**

**क) चेकलिस्ट (✓ चिन्ह लगाउने):**

१. वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनको शर्त पालना भएको ☐ छ ☐ छैन

२. फोहोर व्यवस्थापन (डस्टबिन/संकलन) ☐ छ ☐ सुधार चाहिन्छ

३. पानी प्रदूषण संकेत (ढल/तेल) ☐ छ ☐ छैन

४. प्रजनन मौसममा माछा संकलन रोकिएको ☐ छ ☐ छैन

५. डुङ्गा दर्ता/बीमा/लाइफ ज्याकेट ☐ पर्याप्त ☐ अपर्याप्त

६. शुल्क संकलन र रसिद प्रणाली ☐ छ ☐ छैन

७. धार्मिक/सांस्कृतिक गतिविधिमा समन्वय ☐ भएको ☐ नभएको

८. उजुरी/गुनासोको अवस्था सम्बोधन ☐ भएको ☐ नभएको

९. सेवा लिनेको सन्तुस्टी मापन ☐ भएको ☐ नभएको

**ख) अनुगमन प्रतिवेदन (सारांश) :**

१. अनुगमन मितिः टोलीः

२. अनुगमनमा देखिएका मुख्य समस्याहरुः

३. सुधारका लागि सुझावहरु/समयसीमाः

४. सिफारिसहरुः
हस्ताक्षरः

बैट्याताल गाउँपालिका

**अनुसूची-९**

**(दफा २० सँग सम्बन्धित)**

**सामुदायिक जलचर संरक्षण समूह र व्यतिले दर्ताको लागि दिइने निवेदन**

श्री अध्यक्षज्यू

बढैयाताल गाउँपालिकाको कार्यालय,

मैनापोखर, बर्दिया ।

................................

जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८२ को व्यवस्था बमोजिम सामुदायिक जलचर संरक्षण समूहको गठन गरी उक्त समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छु र छौं । दर्ता गरी आवश्यक प्राविधिक तथाअन्य सहयोग समेत प्रदान गर्नुहुन अनुरोध गर्दछौं ।

निवेदकः.................. सामुदायिक जलचर संरक्षण समूह वा व्यक्तिको तर्फबाट

| क्र. सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ७. | | | |

मितिः...........................

बढैयाताल गाउँपालिका

**अनुसूची-१०**

**(दफा २० सँग सम्बन्धित)**

**बढैयाताल गाउँपालिकाको कार्यालय,बर्दिया**

**व्यक्ति वा समूह दर्ताको प्रमाणपत्रको नमूना**

दर्ता नं.:— मितिः—

दर्ताको प्रमाणपत्र

श्री..........................................सामुदायिक जलचर संरक्षण समूह

यस गाउँपालिकाको मिति.......................... को निर्णय अनुसार जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि,२०८२ ले दिएको अधिकार प्रयोग गरी ....................सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी जलचर र जलीय जैविक विविधताको संरक्षण, दीगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्न सफलता मिलोस भन्ने शुभकामनाका साथ यो प्रमाणपत्र दिइएको छ ।

पालना गर्नुपर्ने विशेष शर्तहरुः

१.

२.

३.

..............................सामुदायिक जलचर संरक्षण समूहको विवरणः

सामुदायिक जलचर संरक्षण समूहको क्षेत्र

घरधुरी संख्याः—

कुल जनसंख्याः—

प्रमाणपत्र दिने अधिकृतको

नामः—

दर्जाः—

दस्तखतः—

मितिः—

द्रष्टव्यः— यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पांच सय रुपैंयाँ दस्तुर लाग्नेछ ।

बढैयाताल गाउँपालिका

## अनुसूची ११

**(दफा १५ सँग सम्बन्धित)**

**ताल तथा जलाशय क्षेत्रमा माछापालन अनुमति माग सम्बन्धी निवेदन**

श्री अध्यक्षज्यू, मितिः
बढैयाताल गाउँपालिकाको कार्यालय,
मैनापोखर, बर्दिया ।

विषयः माछापालन अनुमति पाऊँ।

प्रस्तुत विषयमा बढैयाताल गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८२ बमोजिम म/हामी —————— (समूह/सहकारी/संस्था/फर्मको नाम) ले ————— (ताल/जलाशयको नाम) मा ————— (प्रस्तावित क्षेत्र/स्थान) भित्र ——— (अवधि) का लागि माछापालन सञ्चालन गर्न इच्छुक रहेका हुँदा देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेका छु/छौं।

**तपसिल (संलग्न कागजातहरू)**

१. संस्था/समूह/सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. प्रस्तावित माछापालन क्षेत्रको विवरण तथा नक्सा
३. माछापालन योजना (प्रजाति, मात्रा, अवधि, स्टकिङ दर)
४. वातावरणीय संरक्षण उपायको विवरण
५. समन्वय तथा व्यवस्थापन योजना
६. राजस्व/शुल्क बुझाएको रसिद (लागु भएमा)
७. अन्य आवश्यक कागजात —————

निवेदकको नामः ——————
पदः ——————
संस्थाको नामः ——————
ठेगानाः ——————
सम्पर्क नं.: ——————
हस्ताक्षर/छापः ——————

बढैयाताल गाउँपालिका

**अनुसूची १२**

**(दफा १५ सँग सम्बन्धित)**

**स्वघोषणा**

बढैयाताल गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८२ बमोजिम म/हामी —————— (समूह/सहकारी/संस्था/फर्मको नाम) ले ————— (ताल/जलाशयको नाम) मा माछापालन सञ्चालन गर्न अनुमति माग/प्राप्त गरेको/गरेको छु/छौं। उक्त कार्यविधि तथा अनुमति पत्रमा उल्लेखित शर्त, वातावरणीय सर्त, निषेधित कार्य, मापदण्ड र निर्देशनहरूको पूर्ण जानकारी भएको र पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/गर्दछौं। माछापालन सञ्चालन गर्दा

१) करेन्ट, विषादी, विस्फोटक पदार्थ वा अन्य विनाशकारी उपाय प्रयोग नगर्ने,
२) ताल/सिमसारमा फोहोर, प्लास्टिक, जालको अवशेष वा प्रदूषण फैलाउने वस्तु नफाल्ने,
३) स्वीकृत प्रजाति तथा तोकिएको मापदण्ड (जात, मात्रा, अवधि, क्षेत्र, स्टकिङ दर आदि) अनुसार मात्र माछापालन गर्ने,
४) तालको धार्मिक, सांस्कृतिक, पर्यटन तथा अन्य उपयोगसँग द्वन्द्व नहुने गरी समन्वय कायम गर्ने,
५) मृत माछा तथा फोहोर व्यवस्थापन सुरक्षित र वातावरणमैत्री तरिकाले गर्ने,
६) कुनै दुर्घटना/क्षति भएमा प्रचलित कानून बमोजिम आवश्यक जिम्मेवारी बहन गर्न तयार रहने,
७) प्रचलित कानून तथा कार्यविधि उल्लङ्घन गरेमा कानुन बमोजिम सजाय/कारबाही भोग्न स्वीकार गर्ने,

भनी यो स्वघोषणा गर्दछु/गर्दछौं।

स्वघोषणा गर्नेको
नामः ————
पदः ————
संस्थाको नामः ————
ठेगानाः ————
सम्पर्क नं.: ————
हस्ताक्षर/छापः ————
मितिः ————
साक्षीः
१) ———— (वडा कार्यालय/सम्बन्धित प्रतिनिधि)
२) ————

बढैयाताल गाउँपालिका

**अनुसूची १३**

**(दफा १५ सँग सम्बन्धित)**

बढैयाताल गाउँपालिका

गाउँ कार्यपालकिाको कार्यालय

मैनापोखर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

**माछापालन अनुमति पत्र**

श्री.....................

..........................

यसमा बढैयाताल गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण कार्यविधि, २०८२ को दफा १५ बमोजिम तपाईं/तपाईंको संस्था/समूह/सहकारीलाई ................................ (ताल/जलाशयको नाम) मा ................................ (क्षेत्र/स्थान) भित्र .............. (अवधि) का लागि माछापालन सञ्चालन गर्न यो अनुमति पत्र प्रदान गरिएको छ।

उक्त अवधि तथा तोकिएको क्षेत्रभित्र माछापालन सञ्चालन गर्दा प्रचलित कानून, यस कार्यविधि, तथा अनुमति पत्रमा उल्लेखित शर्तहरू/मापदण्डहरू अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

अनुमति पत्र प्राप्त गर्नुभएकोमा हार्दिक बधाई तथा सफल माछापालन व्यवसायका लागि शुभकामना व्यक्त गर्दछौं।

...................

प्रमाणित गर्ने

(नाम/पद/दस्तखत/छाप)

| क्र. सं. | नविकरण मिति | | नविकरण गर्ने | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| | | | | |

हिमालय त्रिपाठी

अध्यक्ष

बढैयाताल गाउँपालिका